अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः७६

मितिः२०७६/०९/११

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | नि.प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| (१) | सांसद, प्रदेश सभा | मा. श्री वृखप्रधान | आमन्त्रित | |

(२) सहायक श्री सोजन खड्वाल

मिति २०७६/०९/११ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. नेपाल भ्रमण वर्ष, २०२० मनाउने सम्बन्धमा अर्जुनधारा नगरपालिकामा समेत भव्यताका साथ मनाउनका लागि कार्ययोजना बनाउनका लागि आगामी पौष १७ गते सबै सरोकारवालाहरुको उपस्थितिमा एक अन्तरक्रिया कार्यक्रम गर्ने।

२. प्राथमिक स्वास्थ्य केन्द्र,शनिश्चरेमा रहेको फार्मेशी सञ्चालनका न्यूनतम कबोल अंक रु ८ लाख मात्र कायम गरी ठेक्का आह्वान गर्ने।

३. प्राथमिक स्वास्थ्य केन्द्र, शनिश्चरेमा स्वास्थ्य केन्द्रकै आन्तरिक आयबाट तलब भत्ता तथा अन्य आर्थिक दायित्व व्यहोर्ने गरी एक जना लेखापाल नियुक्तिका लागि प्रक्रिया अघि बढाउने।

४. यस नगरपालिका अन्तर्गतका आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा खोप कार्यक्रम सञ्चालनका लागि देहायानुसारका पदमा चालु आर्थिक वर्षका लागि सेवा करारमा लिने।

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | अ.हे.व. | २ |
| २ | अ.न.मी. | २ |
| ३ | खोप कार्यकर्ता | २ |
| ४ | कार्यालय सहयोगी | ३ |

५. चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत विपद व्यवस्थापन शीर्षकबाट खर्च गर्ने गरी १००० थान टोपी/स्वेटर तथा २०० थानको फाइबरको सिरक खरिद गर्न रु ५ लाख विनियोजन गरी सबै सामुदायिक विद्यालयहरुका प्राथमिक तहका विपन्न वर्गका विद्यार्थीहरुलाई दामासाहीले पर्ने गरी वितरण गर्ने।

६. आगामी आर्थिक वर्ष २०७७/०७८ सालका लागि यस नगरपलिकाको आन्तरिक आय रु ५ करोड ५० लाख मात्र प्रक्षेपण गरी राजश्व परामर्श समितिबाट सिफारिस भई आएकोमा उक्त प्रक्षेपित रकमलाई सदर गर्ने।

७. यस नगरपालिका भएर बहने नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन तथा पूर्वाधार प्रयोग शुल्क संकलनका लागि दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि प्रस्ताव पेश हुन नआएकाले तेश्रो पटकको सूचनामा उल्लेखित रकममै पुनः ठेक्का आह्वान गरी सूचना प्रकाशन गर्ने।

८. आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि संघ तथा प्रदेश सरकार समक्ष माग गर्ने समपुरक तथा विषेश अनुदान कार्यक्रमका लागि योजनाहरु आगामी पौष मसान्त सम्म पेश गरि सक्नु पर्ने भएकोले प्रमुख प्रशासकीय अधिकृतको सल्लाह सुझावमा समन्वय गर्न नगर प्रमुखको सचिवालयलाई जिम्मा दिने।

९. नेपाल सरकार ससर्त अनुदान तर्फ विद्यालय भौतिक पुर्वधार निर्माणको लागि रु ७८,००,०००।- को शिलिङ प्राप्त भएकोमा २ कोठे ब्लक भवन प्रति भवन १६०००००।- को दरले ४ वटा भवन तथा Wash मापदण्डको शौचालयको लागि प्रति विद्यालय रु ७,००,०००।- को दरले १४,००,०००।- प्राप्त भएकोमा उक्त रकम देहाय अनुसार विनियोजन गर्ने।

क. २ कोठे ब्लक भवनको लागि प्रति विद्यालय १६,००,०००।- को दरले देहायका विद्यालयहरुलाइ अनुदान दिने।

- लक्ष्मी मा.वि अ.न.पा-६
- महारानीगञ्ज मा.वि अ.न.पा-११
- सिंह देवी मा.वि अ.न.पा-१
- सेतीपानी विद्यालय अ.न.पा-१०

ख. Wash शौचालय प्रति विद्यालय रु ७,००,०००।- को दरले देहायका २ विद्यालयहरुलाइ अनुदान दिने।

- लक्ष्मी मा.वि अ.न.पा-६
- सिंह देवी मा.वि अ.न.पा-१

ग. उल्लेखित विद्यालयहरुमा योजना संचालनका लागि सम्वन्धित वडाले विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक समिति तथा समुदायका व्यक्तिहरु समेत संग सम्न्वय गरी उपभोक्ता समिति गठन गरि संचालन गर्ने।

१०. स्थानीय सरकार संचालन ऐन २०७४ मा नगरपालिकाको काम,कर्तव्य र अधिकार अन्तर्गत स्थानिय स्तरमा निजिवनको प्रवर्द्धन,अनुगमन र नियमन गर्ने अधिकार रहेको र वन ऐन २०७६ को दफा ३५ अनुसार निजि वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानिय तहमा निवेदन दिनुपर्ने तथा स्थानिय तहले आवश्यक जाँच बुझ गरि निजि वन दर्ता गरि प्रमाण पत्र दिनुपर्ने उल्लेख भएकोमा अर्जुनधारा-४ निवासि श्री दुर्गामान सिंह कार्कीले अ.न.पा वडा नं ४ मा रहेको कित्ता न ११०५ र ११०९ को ज.वि १-८-० मा विभिन्न विरुवाहरु लगाई निजिवन दर्ता गर्न निवेदन दिनुभएको तथा डिभिजन वन कार्यालयक झापाको प.सं ०७६/७७ च.नं. २१६७ को मिति २०७६/०९/०३ को पत्र बाट उक्त जग्गा निजि वनको रुपमा दर्ता गर्न सिफारिस प्राप्त भएकाले निजि वन दर्ताका सम्बन्धमा देहयानुसार गर्ने।

क. निजि वन दर्ता सम्बन्धि कार्यविधि कार्यालयको तर्फ बाट तयार गरि कार्यपालिकाको बैठकमा पेश गर्ने।

ख. उक्त कार्यविधि तयार नहुन्जेल सम्मको लागि विगतमा जिल्ला वन कार्यालय/ डिभिजन वन कार्यालयले अपनाएकै विधि तथा प्रकृया बमोजिमनै दर्ता गर्ने।

११. नगरपालिकामा कार्यरत हेभि तथा हलुका सवारी चालकहरु बस्ने स्थानको अभाव भएको हुँदा निजहरु खालि भएको समयमा विश्राम गर्न नगरपालिका हाता भित्र एक विश्राम कक्ष निर्माण गर्न आवश्वयक रहेकोले उक्त विश्राम स्थलको लागि लगत स्टमेट अनुसार हुन आएको रकम रु ४ लाख ९५ हजार अनुसार हुन आउने रकम मर्मत सम्भार शिर्षक बाट खर्च लेख्ने गरी निर्माण प्रक्रिया अघि बढाउने।

१२. आगामी पौष १९ गते यस नगरपालिकामा गठन भएका टोल विकास समितिका पदाधिकारीहरुलाई प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीको उपस्थितीमा सपथ ग्रहण तथा वडा नं २ मा स्थापित चिलिङ सेण्टरको उद्घाटन गर्ने तथा पौष २० गते पूर्व अर्थमन्त्री माननीय श्री सुरेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यतामा एक कार्यक्रम गरी नगर युवा परिषद,खेलकुद विकास समिति तथा भाषा कला साहित्य तथा सँस्कृति प्रवर्द्धन समितिको वडा स्तरमा गठनमा भएका वडास्तरीय समिति सपथ ग्रहण /प्रशिक्षण गराउने।

१३. होराइजन ईन्जिनियरिङ्ग कलेज प्रा.लि. इटहरी सुनसरीबाट उक्त संस्थामा Basic Surveying Engineering (TSLC) अमिन समूहका छात्रछात्राहरुको ३ महिने प्रयोगात्मक तालिमका लागि यस कार्यालयमा On the Job Training (OJT) गर्न अनुरोध भई आएकामा उक्त संस्था तथा त्यस्तै प्रकृतिका अन्य निकायहरुबाट OJT का लागि अनुरोध भई आएमा देहाय बमोजिम गर्ने।

क. यस कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धि विषयहरुकृषि सेवा,ईञ्जिनियरिङ्ग सेवा (सिभिल,नापी),पशु सेवा ,स्वास्थ्य सेवा (आयुर्वेद समेत),शिक्षा तथा सूचना प्रविधि सम्बन्धि विषयहरुमा OJT का लागि सम्बन्धन प्राप्त विद्यालय/कलेजबाट अनुरोध भई आएमा त्यसरी आउने प्रशिक्षार्थीहरुको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कलेजले नै लिने गरी अनुमति दिने।

ख. O.J.T. मा आएका विद्यार्थीहरुले गर्ने हाजिर खाता नगरपालिकाले व्यवस्थापन गरी OJT सम्पन्न भए पश्चात प्रमाणित गरी सम्बन्धित संस्थामा पठाउने।

ग. O.J.T गरे बापत नगरपालिकाले कुनै प्रकारको आर्थिक तथा गैर आर्थिक सुविधा विद्यार्थीलाई प्रदान नगर्ने।

घ. O.J.T गर्न आउने विद्यार्थीको गतिविधि,कार्य प्रकृति तथा अनुशासनको विषयमा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा नगरपालिकाले तत्काल OJT गर्न रोक लगाउन सक्ने।

ङ. O.J.T गरे बापत विद्यार्थीले नगरपालिकामा अस्थायी,करार वा अन्य कुनै प्रकारको नोकरीका लागि कुनै प्रकारको अग्राधिकार प्राप्त नगर्ने।

१४. चालु आर्थिक वर्षका लागि स्वीकृत देहाय अनुसारका बजेट तथा कार्यक्रमलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम संशोधन तथा रकमान्तर गर्ने।

| साविक कार्यक्रम | बजेट (रु) | संशोधित कार्यक्रम | बजेट (रु) |
|---|---|---|---|
| ज्येष्ठ नागरिक भेटघाट केन्द्र निर्माण | १०,००,००० | ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन तथा भ्रमण | ५,००,००० |
| निशुल्क औषधि खरिद | १०,००,००० | क.आयुर्वेद शाखाको सेवा विस्तार गर्न थेरापिस्ट नियुक्ति तथा पञ्चकर्म सेवा सञ्चालन<br>ख.जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको साझेदारीमा खुदुनाबारी क्षेत्रमा आयुर्वेद सेवा | १०,००,००० |
| उपमेयर सँग आमा शिशु कार्यक्रमका लागि विनियोजित बजेट रु १७,८२,५०० बाट आंशिक रकमान्तर | ३,५०,००० | प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा कुल्टर मेसिन लगायतका अत्याधुनिक उपकरण खरिद | ८,५०,००० |

उल्लेखित संशोधित कार्यक्रम सञ्चालन गर्दा जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहले आयर्वेद सेवाका लागि थेरापिस्ट लगायतका जनशक्तिको व्यवस्थापन गर्ने एवं नगरपालिकाबाट उपकरण लगायतका अन्य बन्दोवस्तीको व्यवस्थापन गर्ने। साथै,प्राथमिक स्वास्थ्य केन्द्रका लागि उपकरण खरिद गर्दा स्वास्थ्य केन्द्रको आन्तरिक आयबाट समेत रु .. व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्ने।

१५. आगामी आर्थिक वर्षका लागि निम्न बमोजिमका विद्यालयहरुमा भवन तथा वाल कम्पाउण्ड निर्माण गर्नका लागि लागत स्टमेट तथा ड्इङ डिजाइन तयार गरी संघीय तथ प्रदेश सरकार समक्ष माग गर्ने।

संघीय विशेष अनुदान

क. भानु माध्यमिक विद्यालय अर्जुनधारा-६ को भवन तथा वाल कम्पाउण्ड निर्माण
ख. अर्जुनधारा माध्यमिक विद्यालय अर्जुनधारा- ४ को भवन तथा वाल कम्पाउण्ड निर्माण
ग. कालिस्थान माध्यमिक विद्यालय अर्जुनधारा- ९ को भवन तथा वाल कम्पाउण्ड निर्माण
घ. सिंहदेवी माध्यमिक विद्यालय अर्जुनधारा-१ को भवन तथा वाल कम्पाउण्ड निर्माण

प्रदेश विशेष अनुदान

क. सिंहदेवी प्रा.वि.अर्जुनधारा १० को भवन निर्माण
ख. सरस्वती प्रा.वि.अर्जुनधारा-२ को भवन निर्माण
ग. नवज्योति प्रा.वि. अर्जुनधारा-२ को भवन निर्माण
घ. शिवनारायण प्रा.वि.अर्जुनधारा- ४ को भवन निर्माण

१६. शनिश्चरे बजार सौन्दर्यीकरण अभियान अन्तर्गत यस नगरपालिकाको स्वामित्वमा रहेको शनिश्चरे बजारस्थित नवनिर्मित व्यवसायिक भवनका कोठाहरु बाहेक अन्य स्थानका सडक क्षेत्रमा रहेका सबै संरचनाहरु हटाउन सो क

१७. तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ३ को टाङटिङ नदि छेउको सार्वजनिक जग्गामा एकिकृत वस्ती विकासका लागि सामूहिक आवाश कार्यक्रम नगरपालिका समेतको श्रोत परिचालन गरी निर्माण गर्ने ।साथै, अर्जुनधारा – ६ स्थित अपांग बाल सरोकार केन्द्रलाई उक्त स्थानमा स्थानान्तरण गर्न नगरपालिकाले जग्गा उपलब्ध गराई भवन निर्माण तथा अन्य आवश्यक प्रबन्धका लागि स्थानीय दानवीर तथा समाजसेवीहरुमा अनुरोध गर्ने र उक्त सहायता केन्द्रमा रहन इच्छुकका लागि

९।१०९

हरी कुमार राना मगर
नगर प्रमुख

१८. यस न.पा का लागि नेपाल सरकार तथा प्रदेश सरकार बाट निम्नानुसारका योजनाहरु सञ्चालनका लागि प्रक्रिया अघि बढाउने।

क. नेपाल सरकार समपुरक अनुदान- Run Off Control Cheek Dan and River Training Work For Bring Khola, Preparation Programme- Rs. 80 Lakhs ( यसमा नगरपालिकाको ६० प्रतिशत लागत सहाभागिता हुनपर्ने।)

ख. नेपालसरकार विशेष अनुदान अन्तर्गत देहायका २ योजनाहरुः-

१. खुदुनावारि अर्जुनधारा खानेपानी तथा सरसाफाई परियोजना विस्तार १ करोड २८ लाख।

२. शनिश्चरे मा.वि विद्यालय भवन निर्माण आयोजना ९७ लाख।

ग. प्रदेश समपुरक अनुदान अन्तर्गत देहायका योजनाहरुः-

- शनिश्चरे मिलडाँडा दहिझोडा सडक (मदन आश्रित मार्ग) कालोपत्रे १ करोड। यसमा नगरपालिकाको समेत लागत साझेदारी रहनुपर्ने भएको हुँदा कार्यापालिकाको निर्णय अनुसार नै सडक वोर्डबाट प्राप्त रु ३५ लाख तथा ७ नं वडा बाट विनियोजित रु १५ लाख समेत यसै योजनामा समावेश गरिएको।

घ. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत वडा नं ३ मा सामुहिक आवाशको लागि रु ६० लाख प्राप्त भएको। यसमा नगरपालिकाको रु १० लाख थप हुनपर्ने।

ङ. स्वास्थ्य केन्द्र भवन निर्माणः- अर्जुनधारा नगरपालिकाका निम्न वडामा स्वास्थ्य चौकी भवन निर्माणको लागि देहाय बमोजिमको रकम शिलिङ प्राप्त भएको

- वडा नं २, वडा नं ११, वडा नं ६,वडा नं ७, वडा नं ८ र वडा नं १० का लागि टाइप २ अन्तर्गत ३८८६९२०।- को दरले रकम प्राप्त हुने प्रविवद्धता सहित हाल ३५ प्रतिशत रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं १ (यो) २०७६/०७७ को च.नं. २०० मिति २०७६/०८/०८ को प्राप्त पत्र बाट लेखि आएकोमा उक्त भवनहरु निर्माण प्रक्रिया अघि बढाउने।

१९. यस नगरपालिकाबाट चालु आर्थिक वर्षमा सञ्चालन हुने सबै प्रकारका आयोजना तथा कार्यक्रमहरु २०७७ सालको ज्येष्ठ १५ गते सम्म सम्पन्न हुने गरी कार्यालयबाट आवश्यक प्रबन्ध मिलाउने तथा उक्त मिति भित्र सबै कार्यक्रमहरुको भुक्तानीका लागि कार्यालयमा पेश गर्न परिपत्र गर्ने।

२०. देहाय अनुसारका व्यक्ति तथा संस्थाहरुलाई देहायानुसारको आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल मगर संघ अर्जुनधारा समितिबाट झाँकी प्रदर्शनी गर्न भ्रमण खर्च | ४० हजार मात्र। | |
| २ | प्रथम बाहघरे आमन्त्रित अन्तराष्ट्रिय महिला तथा पुरुष कराँते प्रतियोगिता सञ्चालन सहयोग | ५० हजार मात्र। | आयोजकःबाहघरे डोजो |
| ३ | अर्जुनधारा प्याब्सन साँस्कृतिक कार्यक्रम सहयोग | ५० हजार मात्र। | |
| ४ | अर्जुनधारा -२ बस्ने रञ्जना विसुन्के सार्की,रेवत श्रेष्ठ र गम्भिरबहादुर श्रेष्ठलाई खानेपानीका लागि ट्युबवेल जडान | प्रति परिवार २५ हजार मात्र। | सम्बन्धित वडाको वडा सञ्चालन खर्चबाट |
| ५ | शनिश्चरे बहुमुखी क्याम्पस विद्यार्थी शैक्षिक अवलोकन भ्रमण | २० हजार मात्र। | |
| ६ | अ.ने.रा.स्व.वि.यू.झापा जिल्ला कमिटी कार्यक्रम सञ्चालन सहयोग | २५ हजार मात्र। | |
| ७ | अर्जुनधारा संस्कृत वेद विद्यापिठ शैक्षिक भ्रमण सहयोग | १५ हजार मात्र, | |
| ८ | मेची बहुमुखी क्याम्पस विद्यार्थी शैक्षिक भ्रमण सहयोग | ४० हजार मात्र | अघिल्लो कार्यपालिका बैठकको निर्णय संशोधन गरिएको। |

२१. आगामी २०७६ साल पौष २७ गते यस नगरपालिकाको छैठौँ नगर सभा आह्वान गर्ने।

०९/०९/२०७६
हरी कुमार राना मगर
नगर प्रमुख